नेपाल समाचारपत्र
जि.का.का.द.नं. १४७/०५१/०५२ म.क्ष.हु.द.नं. ०३/०६२/०६३ www.newsofnepal.com

# मनाइयो संगीत दिवस



वर्षकै लामो दिन २१ जुनलाई विश्व संगीत दिवसका रूपमा मनाउने क्रममा राजधानीमा सांगीतिक कार्यक्रम गरिएको छ। सांस्कृतिक संस्थान, नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, नेपाल प्रतिलिपि अधिकार रजिष्टारको कार्यालय र नेपाल सांगीतिक संघले संयुक्तरूपमा विविध कार्यक्रम गरेर विश्व संगीत दिवस मनाएका हुन्।

करिब ३ घन्टासम्म चलेको कार्यक्रममा विभिन्न गायकगायिकाले गीत-संगीत प्रस्तुत गरेर विश्व संगीत दिवस मनाए।

नेपाली सैनिक ब्यान्डको प्रत्यक्ष सांगीतिक प्रस्तुतिले उपप्रधानमन्त्री ईश्वर पोखरेललगायत दर्शकको मन जितेको थियो। गायक छिरिङ भुटिया र उनको ब्यान्डको प्रस्तुति उस्तै रोच रह्यो। गायक यम बरालले प्रदर्शोन्मुख फिल्म *भैंरेका* लागि आफूले संगीत भरेको तथा गाएको *सनम माया लाको* गीत गाएर दर्शक उफारे। कार्यक्रममा जुना प्रसाईं, टीका प्रसाईं, धिरज राई, विपीन घिमिरे, सञ्जीव पराजुली, प्रास्ना शाक्य, याङ्सु श्रेष्ठ, साधना कला केन्द्रका कलाकारलगायतले पनि आफ्ना चर्चित गीत प्रस्तुत गरेका थिए।



जमलस्थित राष्ट्रिय नाचघरमा सम्पन्न कार्यक्रममा विभिन्न संगीतकर्मीलाई सम्मानसमेत गरिएको छ। सो अवसरमा नेपाली गीत-संगीतको क्षेत्रमा ५ दशकदेखि योगदान पुर्‍याएबापत संगीतकार एवं नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति शम्भुजित बास्कोटालाई सम्मान गरियो। त्यसै गरी विश्व बल्लभ, नृत्य निर्देशक बेटी वज्राचार्य, वाद्यवादक न्हुच्छेमान डंगोल, पूर्वरजिस्टार राजेन्द्र सिग्देल र कला पत्रकार विजयरत्न तुलाधरलाई सम्मान गरियो।

कार्यक्रममा सांस्कृतिक संस्थानका तर्फबाट गायिका लोचन भट्टराई र रेखा श्रेष्ठ कटुवाललाई दीर्घ सेवा पदक, सीता कार्कीलाई उत्कृष्ट सेवा सम्मान र गीतकार लोकराज अधिकारीलाई सम्मान गरियो।

संगीतकर्मीलाई सम्मान गर्दै उपप्रधानमन्त्री तथा रक्षामन्त्री ईश्वर पोखरेलले विश्व संगीत दिवसले विश्वका संगीतकर्मीलाई जोड्ने काम गरेको बताए। सम्मानित स्रष्टाका तर्फबाट नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति शम्भुजित बास्कोटाले विश्व संगीत दिवस आफूहरूका लागि महत्त्वपूर्ण दिन भएको तथा नेपाली संगीत विश्वमा फैलिँदै गएको चर्चा गरे। त्यसै गरी सांगीतिक संघका अध्यक्ष मिलन मोक्तानले विश्व संगीत दिवसबारे प्रकाश पारे।

## धरहरा

### कर्नरको नयाँ नाम



३३ किलो सुन प्रकरण काण्डमा फुत्किएका ठूला माछा पक्रिने दाउमा रहेको प्रहरीले गत साता काठमाडौंका विभिन्न भेगमा जाल हान्यो। ठूला माछाको एउटा झुन्ड बाजेको सेकुवा कर्नरमा छ भन्ने सूचनाका आधारमा प्रहरीले कर्नरमा जाल हान्यो। तर ठूलो माछाको झुन्ड भने अझै उम्किएको चर्चा छ।

यही क्रममा काठमाडौंमा सञ्चालनमा रहेको बाजेको सेकुवाका १० आउटलेट मध्ये ६ वटामा सिलबन्दी गरिएको छ। माछाको झुन्ड त्यहाँ नपुगोस् भनेर सिलबन्दी गर्‍या रे। अब सेकुवा कर्नरको भविष्य के होला भन्ने चर्चा परिचर्चाका बीच गृहमन्त्रालयले पुरानै नाम र लोगोमा सेकुवा कर्नर सञ्चालन गर्न नदिने कडा उर्दी जारी गर्‍या सुनियो।

गृहको उर्दीपछि कर्नरका स्टाफ नयाँ नाम जुराउने कसरतमा लाग्या छन्। कहिल्यै नसुन्या नयाँ नाम जुराउँदा पनि बिजनेस खै के, खै के हुने भएपछि स्टाफलाई निकै तनाव भएको चर्चा छ। तनाव साम्य पार्न धरहराले नयाँ नाम जुराएको छ 'बादलले सेक्या सेकुवा कर्नर।' सर्प पनि मर्ने लठ्ठी पनि नभाँचिने। यो नाममा सेकुवा कर्नर पुनः सुचारु गर्दा कस्तो होला गृहमन्त्री ज्यू ?

## तिमी हुन्छौ जहाँ जहाँलाई सोलो रिलिज



नेपाली फिल्मले सोलो रिलिजको मौका बिरलै पाउँछन्। सिनेमा हलमा सोलो रिलिज पाउनु नेपाली फिल्मका लागि शौभाग्यको कुरा भएको छ।

यस्तै शौभाग्य प्राप्त गरेको छ फिल्म *तिमी हुन्छौ जहाँ जहाँले*। विश्वकप फुटबलका कारण फिल्म रिलिज गर्नु व्यापारिक हिसाबले जोखिम हुने भएकाले निर्माताहरू ब्याक सर्दा *तिमी हुन्छौ जहाँ जहाँले* सोलो रिलिज पाएको हो।

मदन दवाडी, डालचन्द्र दवाडी, प्रकाश बास्कोटा र हरिप्रसाद अधिकारीद्वारा निर्मित फिल्म विकास बस्यालले निर्देशन गरेका छन्। निर्देशक बस्यालका अनुसार प्रेमकथामा आधारित फिल्ममा आदर्श प्रेम प्रस्तुत गरिएको छ। फिल्ममा मनीष सुन्दर श्रेष्ठ, मलिना जोशी, स्वरूपपुरुष ढकाल, रवि गिरी, तमन्ना केसी, गीता अधिकारी, विश्व बस्नेतलगायतले अभिनय गरेका छन् भने वर्षा शिवाकोटी अतिथि भूमिकामा छिन्।

फिल्ममा अर्जुन पोखरेलको संगीत, कविराज गहतराजको नृत्य निर्देशन र रामशरण उप्रेतीको छायांकन रहेको छ।

## २४ वर्षीया सुन्दरीको सलमानसँग बिहे गर्ने चाहना

नायक सलमान खान उमेरले ५० नाघिसके। तर पनि अविवाहित नै छन्। उनको प्रेमिकाको लिस्ट लामै छ।

संगीता बिजलानी, ऐश्वर्या राय बच्चन, कट्रिना कैफ जस्ता अभिनेतृहरू उनको जीवनमा आए पनि उनले विवाह गरेनन्। उनलाई चाहनेहरू उमेरमा उनीभन्दा आधा कम र आधाभन्दा पनि कमका युवती छन्, जो उनी भनेपछि मरिहत्ते गर्छन्। बलिउडका टेलिभिजन कार्यक्रमहरूमा युवतीहरू उनलाई प्रेम प्रस्ताव राखिरहेका र सलमान भने लाज मानिरहेका तथा जवाफमा मुस्कुराइरहेका देखिन्छन्। यस्तै उनीसँग विवाह गर्न चाहने एक बलिउड अभिनेतृ रहेकी छिन्, जो उमेरले मात्र २४ वर्षकी हुन्।



भारतीय सञ्चारमाध्यमका अनुसार २४ वर्षीया उर्वशी रौटेलाले एक अन्तर्वार्ताका क्रममा आफूले नायक सलमान खानसँग विवाह गर्न चाहेको बताएकी हुन्। *हेट स्टोरी-४* कि यी नायिकाले चर्चामा आउनका लागि पनि यस्तो भनेकी हुन सक्छिन्। सुन्दरी भएर पनि हिजोआज उनी खाली हात बसिरहेकी छन्। फिल्म *बाबिलमा सारा जमाना* बोलको आइटम गीतका कारण चर्चामा आएकी उनले फिल्मबाट भने चाहेजस्तो सफलता पाउन सकेकी छैनन्। उनी बलिउडमा राम्रो फिल्मको अफरको प्रतिक्षामा छिन्।



## उपाध्यायको प्रणय सार्वजनिक



साहित्यकार डा. डीआर उपाध्यायको अडियो एल्बम *प्रणय* राजधानीमा आयोजित एक कार्यक्रमका बीच सूचना तथा सञ्चारमन्त्री गोकुलप्रसाद बास्कोटा, गायक प्रेमध्वज प्रधान, संगीतकार दीपक जंगम, गीतकार दिनेश अधिकारी, संगीतकार बुलु मुकारुङले संयुक्तरूपमा सार्वजनिक गरेका छन्।

सागर अधिकारी 'शरद्'को एकल संगीत रहेको एल्बममा *कसले भन्छ, तिमी बिना, आउ नआउ, आफ्नै छायाँले, हाम्रो मधुर मिलन* र *चौबन्दी चोली* बोलका ६ गीत संग्रहित छन्। जसमा सागरसँगै प्रमोद खरेल, रामचन्द्र काफ्ले, मेलिना राई, मिलन अमात्य, सत्यराज आचार्य, स्वरूपराज आचार्य र सुरेश लामाको स्वर रहेको छ।

सो अवसरमा डीआरको उपन्यास *अतिरिक्त* पनि सार्वजनिक गरिएको थियो। कार्यक्रममा एल्बममा समावेश गीत *कसले भन्छ*को म्युजिक भिडियोसमेत देखाइएको थियो। भिडियो प्रसन्न पौडेलले निर्देशन गरेका छन् भने गीतकार डीआर देखिएका छन्। उनलाई अनु शाहले मोडलिङमा साथ दिएकी छिन्। यसको छायांकन विदुर पाण्डेले गरेका छन् भने टेकेन्द्र शाहले सम्पादन गरेका छन्। कार्यक्रममा बोल्दै गीतकार उपाध्यायले एल्बममा सबै किसिमका गीत समेट्ने प्रयास गरेको बताए। 'मेरो शब्दले सबै किसिमका भावनालाई समेट्छ भन्नेमा विश्वस्त छु', उनले भने- 'त्यसै गरी सञ्चारमन्त्री बास्कोटाले एल्बममा गीतमा सबै किसिमका भाव समेटिएको बताए। 'स्रोताका रूपमा सुन्दा गीत राम्रो छ।' -मन्त्री बास्कोटाले भने। त्यसै गरी गायक प्रेमध्वज प्रधानले रचित भाव, संगीत संयोजन र स्वरमा मिठास भेटिएको बताए।




कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ